'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ | अंक : २४ | बुधवार ०२ असोज, २०८१ | 18 (Wednesday) September 2024 | पृष्ठ ४, | मूल्य रु : १०।-

# महिनावारी हुँदा मन्दिरको बाटो जाँदैनन् विद्यार्थी

• नमस्ते समचारदाता

कालीकोट, असोज/०१



नन्ददेवी माविका विद्यार्थी । तस्बिर : प्रेमराज सिम्खडा

कालीकोटका विद्यालयका छात्राहरू अझै पनि महिनावारी हुँदा विद्यालय जान डराउने गरेका छन् । विद्यालय जाने बाटोमा देवताका मन्दिर (थानहरू) भएकाले छात्राहरू डराएर महिनावारी भएका बेला विद्यालय सकभर जान मान्दैनन् । देवीदेवताको डरकै कारणले छात्राहरू महिनावारीको पाँच दिनसम्म विद्यालय जाँदैनन् । जनजीवन माध्यमिक विद्यालय ताडी जानका लागि बाटोमा धवलपुरा देवताको मन्दिर छ । छात्रा महिनावारी हुँदा उक्त बाटोमा आउजाउ नै गर्दैनन् । विद्यालयमा पढ्ने प्रायः विद्यार्थी सदरमुकाम मान्म बजारबाटै जाने गर्छन् । छात्राहरू महिनावारी हुँदा उक्त बाटो भन्दा पूर्वतिरको लामो बाटो प्रयोग गरेर विद्यालय जाने गरेका छन् । खाँडाचक्र नगरपालिका-३, ताडीका रोशन पाण्डेले महिनावारीका बेला छात्राहरू विद्यालय नै नआउने र आए पनि लामो बाटो भएर आउने गरेको बताए । देवताको मन्दिर (थान) सँगै पाण्डेको घर छ । आफूहरू पनि राति बाहिर शौच गर्न आउँदा मन्दिरलाई हामीले नदेख्ने गरी शौच गर्नुपर्ने बाध्यता रहेको उनले बताए। देवताको धर्म मान्ने भएकाले अहिले पनि उस्तै प्रभाव रहेको उनको भनाइ छ । सोही विद्यालय कक्षा ९ मा पढ्ने छात्रा स्मृति शाहीले आफूहरू महिनावारी भएका बेला प्रायः विद्यालय नजाने गरेको सुनाए । बाटोमै देउताका धेरै थान छन् । केही भइहाल्छ कि भन्ने डर लाग्ने गरेकाले महिनावारी अवधिभर घरमै बस्ने गरेको जानकारी उनले दिए । परीक्षा चलेका बेला भने अर्को लामो बाटो भएर विद्यालय जाने गरेको उनको भनाइ छ । सामान्य स्वास्थ्य समस्या हुँदा, ज्वरो आउँदा पनि महिनावारी भएका बेला विद्यालय जाँदा देवताको दृष्टि (जल्को) परेको होला भन्ने मान्यताले गर्दा छात्रालाई डर लाग्ने र सोही कारण विद्यालय नजाने उनले बताए । रास्कोट नगरपालिका-२, सिपखनाको मोतीराम माध्यमिक विद्यालय आउने विद्यार्थी पनि बर्सातको समयमा लेकाली क्षेत्र कोटेकाँडा, राताखाल, सिचु, सिम्सेराबाट आउने गर्छन् । बाँकी ३ पेजमा...

# जातीय विभेद गर्ने पूर्व वडाअध्यक्षका छोरा पक्राउ

• नमस्ते समचारदाता

जुम्ला, असोज/०१



जातीय विभेद मुद्दामा दोषी ठहर भएका फरार प्रतिवादी पक्राउ परेका छन् । जातीय विभेद गरेको कसुरमा उच्च अदालत सुर्खेत, जुम्ला इजालासले दोषी ठहर गरेका सिञ्जा गाउँपालिका वडा नं ६ का नवीन बुढा पक्राउ परेका हुन् । जिल्ला प्रहरी कार्यालय जुम्लाका डीयसपी छेदीलाल कामतीका अनुसार बुढालाई उनको घरबाट पक्राउ गरिएको हो । सोही वडाका विवेन्द्र नेपालीले तत्कालीन वडाअध्यक्ष कालीबहादुर बुढा र उनका छोरा नवीन बुढाविरूद्ध जातीय विभेद गरेको आरोपमा जिल्ला प्रहरी कायर्यालय जुम्लामा २०७८ असार २६ गते मुद्दा दर्ता गरेका थिए । सिन्जा-६ का तत्कालीन वडाअध्यक्ष कालीबहादुर बुढालाई जिल्ला अदालत जुम्लाले उन्मुक्ति दियो । उनका छोरा नवीन बुढालाई भने चार महिना कैद र २० हजार जरिवाना र २५ क्षतिपूर्ति पीडितलाई दिने फैसला गरेको थियो। वडाअध्यक्ष बुढालाई अदालतले उन्मुक्ति दिएपछि नेपाली दुवैजनालाई कारबाही माग गर्दै उच्चमा गएका थिए । उच्चमा २०७८ साउन २७ गते मुद्दा दर्ता गरेको थियो । उच्च अदालतले २०८० जेष्ठ १८ गते उक्त मुद्दामा फैसला गर्दै नवीन बुढालाई तीन महिना बीस दिन र २० हजार जरिवाना कैद सुनाएको थियो । उनी अदालतको फैसला लगत्तै फरार रहेका थिए । लामो समय फरार रहेका उनलाई पक्राउ गरेर अदालतमा पेस गरिएको कामतीको भनाइ छ । बुढा पक्राउ परेपछि आफूले न्याय पाएको महशुस भएको नेपालीले प्रतिक्रिया दिएका छन् । जातीय विभेद तथा सजाय कसुर ऐन २०६८ अनुसार जातका आधारमा गरिने कुनैपनि विभेद कानुन अनुसार दण्डनीय मानिने उल्लेख गरिएको छ।

# बाँकेमा एक महिनामा ५१ फरार प्रतिवादी पक्राउ

• नमस्ते समचारदाता

बाँके, असोज/०१




बाँके प्रहरीले एक महिनाको अवधिमा विभिन्न मुद्दाका ५१ जना फरार प्रतिवादीहरूलाई नियन्त्रणमा लिएर अदालतमा पेस गरेको छ । जिल्ला प्रहरी कार्यालय बाँकेका अनुसार गत भदौ एक गतेदेखि भदौ मसान्तसम्मको अवधिमा उनीहरूलाई नियन्त्रणमा लिइएको हो । जसबाट ९ वर्ष २३ दिन कैद र रु एक लाख ४८ हजार ७ सय ५७ जरिवाना असुल उपर गरिएको छ । जिल्ला प्रहरी कार्यालय बाँके तथा मातहतका प्रहरी कार्यालयहरू समेतबाट खटिएका प्रहरी टोलीहरूले फरार प्रतिवादीहरूलाई नियन्त्रणमा लिने अभियान सञ्चालन गरिएको थियो । एक महिनाको अवधिमा जिल्ला प्रहरी कार्यालय बाँकेमा ६३ वटा मुद्दा दर्ता भएकोमा ६२ जनालाई पक्राउ गरी कानुनी दायरामा ल्याइएको र २४ वटा पेन्डिङ मुद्दाहरू फर्छ्यौट गरिएको जिप्रका बाँकेले जनाएको छ । यस्तै ठाडो उजुरी ५१० वटा परेकोमा ४१४ फर्छौट भएको र ९१ वटा बाँकी निबेदन फछर्छौट प्रक्रियामा रहेको छ । यस्तै लागू औषध ओसारपसार बिरुद्ध योजनाबद्धरुपमा प्रहरी परिचालन गरी ८३ ग्राम ४५० मिलिग्राम ब्राउन सुगर, नाइट्राजेपाम ११३० ट्याब्लेट, ट्रामाडोल ६११ ट्याब्लेट लागूऔषध सहित २२ जना ओसारपसार कर्ताहरुलाइ बाँके प्रहरीले पक्राउ गरेको छ । यस्तै सुन ४०७ ग्राम, चाँदी १० के.जी. ६१३ ग्राम अवैध सुन चाँदी सहित ४ जनालाई बाँके प्रहरीले पक्राउ गरेको छ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
ताँजाकोट गाउँपालिका
हुम्ला

# विश्वकर्मा र वास्तुकला

टङ्क पराजुली

हिन्दु समुदायमा प्रत्येक वर्षको असोज सङ्क्रान्तिका दिन विश्वकर्मा भगवान्‌को जन्मजयन्ती मनाउने गरिन्छ । यस दिन विभिन्न कारखाना, उद्योगमा विभिन्न मेसिनरी प्रविधिको पूजा गरी विश्वकर्मालाई स्मरण गर्ने गरिन्छ । यस दिनलाई विश्वकर्मा जयन्ती मात्र नभनेर वास्तु दिवस, इन्द्रजात्रा, राष्ट्रिय चलचित्र दिवस, राष्ट्रिय विज्ञान दिवस, उत्पादन वृद्धि र राष्ट्रिय समृद्धिका लागि एक सङ्कल्प दिवसका रूपमा पनि स्मरण गरिन्छ । विश्वकर्मालाई सम्मानस्वरूप विभिन्न क्षेत्रका निर्माणकर्मी, कारिगर, इन्जिनियरले आफ्ना उपकरणको पूजा गर्छन् र विश्वकर्माबाट आशीर्वाद प्राप्त गर्ने गर्दछन् । विश्वकर्मालाई हिन्दु वैदिक धर्ममा एक प्रमुख देवताका रूपमा मान्ने गरिन्छ । धार्मिक ग्रन्थमा यिनलाई सृष्टिकर्ता र महान् वास्तुकारका रूपमा व्याख्या गरिएको छरु। देवताका लागि भवन, यन्त्र र विभिन्न उपकरण निर्माण गर्ने गरेका कारण वास्तुकला र हस्तकला (शिल्पकला) का देवता मानिन्छ ।



● टङ्क पराजुली

> वास्तुशास्त्र, जसले भवनको संरचना र वातावरणको सन्तुलनलाई महत्त्व दिन्छ, जुन विषय विश्वकर्मासँग जोडिएको छ। आजको समयमा विभिन्न किसिमका घर, भवन, मन्दिर, हललगायतका संरचनाको डिजाइन र निर्माणमा वास्तुशास्त्रलाई धेरै मान्यता दिइन्छ। यस्ता संरचनाको उचित डिजाइन, दिशागत सन्तुलन र सकारात्मक ऊर्जा प्रवाहका लागि आज पनि विश्वकर्माको आदर्श, ज्ञान, सिप र कौशलतालाई ध्यानमा राखेर काम गरिन्छ।

**विश्वकर्मा र वास्तुकलाको सम्बन्ध**

वास्तुकला शब्द संस्कृतमा 'वास्तु' (भवन) र 'कला' (कला) को संयोगबाट बनेको हो । वास्तुकलालाई खास गरी निर्माणको विज्ञान र कलाको संयोजन रूपमा लिने गरिन्छ । वैदिककालमा विभिन्न मठमन्दिर, राजमहल र अन्य महत्वपूर्ण संरचना बनाउने कार्य वास्तुकलाका आधारमा गर्ने गरिन्थ्यो । विभिन्न पुराणमा विश्वकर्माको महिमा, उनले निर्माण गरेका विभिन्न भवन, कला र उपकरणको वर्णन गरिएको छ । पुराणले विश्वकर्मालाई हिन्दु स्थापत्य कलाका उत्कृष्ट शिल्पकारका रूपमा व्याख्या गरेको छ । हिन्दु धार्मिक पुराण हेर्ने हो भने विश्वकर्माद्वारा निर्माण गरेका महत्वपूर्ण वस्तुमा भगवान् विष्णुको सुदर्शन चक्र, शिव भगवान्‌को त्रिशूल, पाण्डवको इन्द्रप्रस्थ, रावणको लङ्का नगरी र द्वारकापुरीधाम समावेश छन् । पुराणहरूमा विश्वकर्मा एक प्रमुख देवता र महान् कारिगरका रूपमा प्रतिष्ठित छन् । उनलाई संसारका सबै संरचना, यन्त्र र उपकरणका स्रष्टा, आविष्कारक र जनक मानिन्छ । विश्वकर्मा विभिन्न पुराणमा उल्लेखित छन् र हरेक पुराणले उनलाई विशेष भूमिकामा चित्रित गरेको छ ।

**वेद र पुराणमा विश्वकर्माको वर्णन**

ऋग्वेद : ऋग्वेद अनुसार विश्वकर्मालाई एक सृष्टिकर्ता मानिन्छ । उनको रूप आदित्य (सूर्य) जस्तो उज्यालो भएको भनी वर्णन गरिएको छ । ब्रह्माजीको आज्ञाले सम्पूर्ण ब्रह्माण्डको निर्माण गरेका कारण विशिष्ट स्रष्टाका रूपमा सम्मान पाएका छन् ।

श्रीमद्भागवत पुराण : हिन्दु वैदिक धर्मावलम्बीका लागि पुराणले चार धामलाई प्रमुख धामका रूपमा लिएको छ । जीवनकालमा एक पटक चार धामको दर्शन गरे मोक्ष प्राप्त हुन्छ भन्ने पौराणिक मान्यता छ । ती धाममध्येको एक धाम हो द्वारकापुरी धाम । यस धामको निर्माण भागवत पुराण जस्ता प्राचीन हिन्दु ग्रन्थहरूमा उल्लिखित छ । यो विशेष गरी श्रीकृष्णसँग जोडिएको छ । भागवतका अनुसार श्रीकृष्णले मथुरामा कंसको वध गरेपछि कंसका ससुरा जरासन्धले श्रीकृष्ण र बलराममाथि पटक पटक आक्रमण गर्न थाल्यो, मथुरा निरन्तर आक्रमणको सिकार बनेपछि भगवान् श्रीकृष्ण अत्यन्त चिन्तित हुनुभयो । उहाँले यदुवंशलाई सुरक्षित राख्न मथुराबाट अन्यत्र स्थानान्तरण गर्ने निर्णय गर्नुभयो । श्रीकृष्णले समुद्र देवतासँग समन्वय गरेर समुद्र किनारको एक विशाल सुन्दर भूभाग प्राप्त गर्नुभयो । यस भूभागमा नयाँ सहर निर्माण गर्न पर्याप्त ठाउँ थियो । समुद्र देवताले आफ्नो कृपाबाट श्रीकृष्णलाई यस स्थानलाई द्वारकापुरी बनाउन दिने प्रतिज्ञा गरे । भूमि प्राप्त भइसकेपछि श्रीकृष्णले वास्तुकलाका प्रमुख देवता विश्वकर्मालाई द्वारकापुरी निर्माणको जिम्मेवारी दिनुभयो । विश्वकर्माले श्रीकृष्णको आज्ञा अनुसार एकै रातमा अलौकिक, अनुपम, दिव्य, अद्वितीय भवन र सहरको निर्माण गरी भगवान्‌लाई हस्तान्तरण गरे । सो सहर र दिव्यधाम अहिले पनि छिमेकी मुलुक भारतमा जस्ताको तस्तै देख्न पाइन्छ ।

विष्णु पुराण : विष्णु पुराणका अनुसार विश्वकर्माले भगवान् विष्णुको लागि सुदर्शन चक्र निर्माण गरेको प्रसङ्ग पाइन्छ । सुदर्शन चक्रलाई संसारकै सबैभन्दा शक्तिशाली अस्त्र मानिन्छ । सुदर्शन चक्र रहेको ठाउँमा कलिको प्रभाव रहँदैन भन्ने पौराणिक मान्यता रहेको छ ।

महाभारत : पाण्डवका लागि इन्द्रप्रस्थको निर्माण गरेका कारण विश्वकर्माको अद्भुत कला भनी महाभारतमा व्याख्या गरिएको छ । इन्द्रप्रस्थ एक अद्भुत नगरी हो, जसको सौन्दर्य र कला मानव क्षमताभन्दा पर थियो । यस दिव्य नगरको निर्माणले उनको अद्वितीय निर्माणकला र वास्तुकलालाई देखाउँछ ।

रामायण : विश्वकर्माले रावणका लागि लङ्का नगरी निर्माण गरेको प्रसङ्ग रामायणमा उल्लेख छ । लङ्का नगरी सुनैसुनले बनेको थियो र अत्यन्तै सुन्दर तथा समृद्ध थियो । यस प्रसङ्गले विश्वकर्माको निर्माणकलाको कौशललाई उच्चतम रूपमा प्रस्तुत गर्दछ ।

शिव पुराण : भगवान् शिवको त्रिशूल बनाएका कारण शिव पुराणमा पनि विश्वकर्माको महत्वपूर्ण स्थान छ । त्रिशूल अर्थात् तीन शूललाई अत्यन्त शक्तिशाली बलवान् मानिन्छ र यसले विश्वकर्माको निर्माण सिपको उच्चतम कदर गर्दछ । प्राचीन हिन्दुशास्त्रमा देवताहरूका प्रमुख वास्तुकार, शिल्पकार र निर्माणको देवताका रूपमा विश्वकर्मालाई मानिन्छ । उनको वास्तुकलाको महत्व पौराणिककालदेखि वर्तमानसम्म जीवित रहिआएको छ । वास्तुकलामा विश्वकर्मा र उनको योगदानलाई आधुनिक युगमा पनि महत्व दिइएको पाइन्छ । विश्वकर्मालाई स्वर्गका राजा इन्द्रको महल, पुष्पक विमान र विभिन्न दैवी संरचनाको निर्माणकर्ताका रूपमा सम्झिन्छ । उनले बनाएका कला पौराणिक भए पनि यी संरचनाले प्राचीन पूर्वीय वास्तुकलाको उन्नत ज्ञानलाई देखाउँछ । विश्वकर्माको नामले आजको वास्तुकलालाई प्रेरणा दिन्छ, जसले प्राचीन शिल्प र निर्माणको ज्ञानलाई समेत सम्मान गर्न सिकाउँछ । वास्तुशास्त्र, जसले भवनको संरचना र वातावरणको सन्तुलनलाई महत्व दिन्छ, जुन विषय विश्वकर्मासँग जोडिएको छ। आजको समयमा विभिन्न किसिमका घर, भवन, मन्दिर, हललगायतका संरचनाको डिजाइन र निर्माणमा वास्तुशास्त्रलाई धेरै मान्यता दिइन्छ। यस्ता संरचनाको उचित डिजाइन, दिशागत सन्तुलन र सकारात्मक ऊर्जा प्रवाहका लागि आज पनि विश्वकर्माको आदर्श, ज्ञान, सिप र कौशलतालाई ध्यानमा राखेर काम गरिन्छ। यति मात्र नभएर विश्वकर्मालाई इन्जिनियरिङ र आर्किटेक्चर आदिको प्रवर्तकका रूपमा मानिन्छ। आधुनिक प्रविधि र निर्माण विज्ञानले नयाँ आयाम ल्याएको छ । विश्वकर्माको योगदानले मानव सभ्यताको निर्माणमा शिल्पकार र वास्तुकारको भूमिका प्राचीन समयदेखि महत्वपूर्ण रहेको दर्साउँछ । यस्ता प्राचीन वास्तुकलाले सांस्कृतिक धरोहरको संरक्षण गर्नुका साथै पुराना शैली र प्रविधिलाई सुरक्षित गर्दै नयाँ संरचना निर्माण गर्ने गर्छ । यसकारण आज पनि इन्जिनियर, वास्तुकार र शिल्पकारहरूले विश्वकर्मालाई आफ्नो प्रेरणाको स्रोत मान्छन् ।

\- *गोरखापत्र*

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

ताँजाकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चाखुरे, हुम्ला

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला

# एक वर्षमा १९ हजारभन्दा बढी बिरामीको उपचार



• नमस्ते समचारदाता
हुम्ला, असोज/०१

सिमकोट गाउँपालिकाका आठ वटा वडाका स्वास्थ्य संस्थाले एक वर्षमा १९ हजारभन्दा बढी बिरामीको उपचार गरेको पाइएको छ । जिल्ला अस्पतालसहित सिमकोट गाउँपालिकामा तेह्र वटा स्वास्थ्य संस्था रहेको र ती संस्थाबाट बिरामीको उपचार गरिएको हो । गाउँपालिकाका सबै स्वास्थ्य संस्थाबाट ०८०/८१ मा १९ हजार ८७९ जना बिरामीको उपचार गर्न सफल भएको सिमकोट गाउँपालिका स्वास्थ्य शाखाका प्रमुख नरबहादुर भण्डारीले बताए । उनका अनुसार कुल बिरामीहरुमा ११ हजार ११७ जना महिला र आठ हजार ७६२ जना पुरुष बिरामीहरुको उपचार गरिएको छ। यो उपचार गरिएको बिबरण चार वटा स्वास्थ्य चौकी, जिल्ला अस्पतालले उपचार गरेको सिमकोट गाउँपालिकाका बिरामी, आधारभूत स्वास्थ्य सेवा केन्द्र र सामुदायिक स्वास्थ्य एकाइको हो । जसमा बरगाउँ स्वास्थ्य चौकीमा एक हजार २७७ जना बिरामीको उपचार गरिएको छ भने डाँडाफया स्वास्थ्य चौकीले एक हजार ९९१ जनाको उपचार गरेको छ । त्यसैगरी ठेहे स्वास्थ्य चौकीले एक हजार ३५६ जना, स्याँडा स्वास्थ्य चौकीले एक हजार ४६३ जनाको उपचार गरेको छ । त्यसैगरी जिल्ला अस्पतालबाट चार हजार ६५९ जनाको उपचार गरिएको छ। त्यसैगरी आधारभूत स्वास्थ्य सेवा केन्द दोजामले दुई हजार ४१ जना, आधारभुत स्वास्थ्य सेवा केन्द बुराउसेले ७२६ जना र आधारभुत स्वास्थ्य सेवा केन्द माथिल्लो गाउँले एक हजार ३८ जना बिरामीको उपचार गरेको छ । यता सामुदायिक स्वास्थ्य एकाई हिल्दुमले एक हजार २६२ जना, सामुदायिक स्वास्थ्य एकाई चौगानफयाले एक हजार ४६९ जना, सामुदायिक स्वास्थ्य एकाई खोल्सीले दुई हजार ४१ जना, सामुदायिक स्वास्थ्य एकाई कुम्लिकले ९०३ जना र सामुदायिक स्वास्थ्य एकाई साँताले एक हजार ९९ जनाको उपचार गरेको छ । स्वास्थ्य संस्थामा उपचार गरिएका बिरामीमा श्वास मार्गको संक्रमण र ग्याष्टिकका रहेका छन् भने बालबालिकामा झाडापखाला र श्वासप्रश्वास सम्बन्धी छन् ।

## महिनावारी...

त्यस क्षेत्रबाट आउने विद्यार्थीको सजिलो बाटो भनेको बिरुबस्ना कालाशिल्लाको मन्दिर (थान) भएको बाटो हो तर छात्रा महिनावारी हुँदा पाँच दिनसम्म विद्यालय आउँदैनन् भने कोही लामो बाटो हिँडेर आउने गरेका छन् । सो विद्यालयमा अध्ययनरत छात्रा इलिजा सिम्खडाले देवताकै डरका कारणले महिनावारीका बेला विद्यालय छुट्ने गरेको सुनाए । खाँडाचक्र नगरपालिका-११, रेगिलका केही विद्यार्थी कर्णाली नदी तरेर सान्नीत्रिवेणी गाउँपालिका-१ मा रहेको शङ्कर माध्यमिक विद्यालयमा जाने गर्छन् । रेगिलबाट पुल तरेर अलि उकालो हिँड्दा शङ्कर माध्यमिक विद्यालय पुगिन्छ । त्यहाँ जाँदा देवताको मन्दिर पर्दैन तर कर्णाली नदीको पुल तर्नु पर्छ । समाजमा महिनावारी भएकाले बेला नदी तर्नुहुन्न भन्ने मान्यता छ । त्यही पुरानो मान्यताकै कारणले महिनावारी भएका बेला छात्रा विद्यालय जाँदैनन् । रेगिलका सूर्यबहादुर शाहीले पुरानो मान्यता समाजमा अझै पनि कायमै रहेको बताए । छात्रा महिनावारीका बेला पुल तरेर विद्यालय जान नहुने सोचले पनि जरो गाडेको छ । महिनावारी भएको खण्डमा थाननजिक पुग्ने छात्रा बेहोस हुने, चिडचिडाउने, रुने, कराउने जस्ता व्यवहार हुने गरेको सर्वसाधारण बताउँछन् । महिनावारी शारीरिक प्रक्रिया हो भन्ने गरिए पनि देवताको डरले मान्नु परेको महिला तथा किशोरीको भनाइ छ ।




# बाँकेको खजुरामा खेल्दाखेल्दै बेपत्ता भएकी बालिकाको शव फेला

• नमस्ते समचारदाता
बाँके, असोज/०१



आइतबार रातीदेखि बेपत्ता भएकी खजुरा गाउँपालिका वडा नं. ६ सिमलघारीका वीरेन्द्र पुनकी अन्दाजी ३ वर्षीया छोरी लक्ष्मी पुनको शव फेला परेको छ । बालिकाको मंगलबार बिहान घर नजिकै रहेको जंगलबाट शव फेला परेको हो । खोजतलासका क्रममा बेपत्ता बालिकाको घर नजिकैको जंगलबाट मंगलबार बिहान ११ बजे बालिकाको शव फेला परेको जिल्ला प्रहरी कार्यालय बाँकेका सूचना अधिकारी प्रहरी निरीक्षक यामबहादुर बुढामगरले जानकारी दिए । मृतक बालिकाको घरदेखि करिब एक किलोमिटर पश्चिमतर्फको जंगलमा जंगली जनावरले खाएर बाँकी रहेको अवस्थामा टाउको र एउटा खुट्टा फेला परेको उनले जानकारी दिए । बेपत्ता बालिकाको खोजतलासका क्रममा आज बिहान करिब ११ बजेको समयमा शव फेला परेको छ, उनको शरीरको अन्य भाग भने जंगली जनावरले खाइसकेको अवस्था रहेछ, टाउको र दाहिने खुट्टा फेला परेको छ । प्रहरी निरीक्षक बुढामगरले भने, बाघले खायो कि चितुवाले खायो त्यो भने अझै खुलेको छैन, तर कुनै जंली जनावरले खाएको हो । मृतक बालिका आइतबार राती करिब ८ बजेको समयमा आफ्नै घरको आँगनमा खेलिरहेको अवस्थामा एकाएक बेपत्ता भएकी थिइन् । उनलाई बाघले लगेको हुन सक्ने आशङ्का गरिएको थियो । आइतबार रातिदेखिनै प्रहरी, सशस्त्र प्रहरी, डिभिजन वन कार्यालयको टोली, पालिकाका जनप्रतिनिधि, बर्दिया राष्ट्रिय निकुञ्जका प्राविधिक टोली साथै स्थानीयवासीहरु बालिकाको खोजतलासमा लगातार जुटेका थिए ।

# विमानस्थलबाट बग्ने पानीको व्यवस्थापन नहुँदा समस्या

• नमस्ते समचारदाता
मुगु, असोज/०१



मुगु जिल्लाको ताल्चा विमानस्थलबाट बग्ने पानीको व्यवस्थापन नहुँदा छायाँनाथ रारा नगरपालिका वडा नं १,४ र ६ का जुकेना खामगोइटे र वालै गाउँका बालबालिकाले सास्ती भोग्नु परेको छ। नजिकैका माध्यमिक तहसम्मको विद्यालय नभएकाले बालबालिकाले आउजाउमा सास्ती भोग्दै आएका हुन् । सदरमुकाम गमगढीमा नमुना माध्यमिक विद्यालय रहेकोले विद्यालय जानका लागि लामो समय हिँड्नु पर्दा चार वटा बस्तीका झन्डै एक सय बालबालिका प्रभावित भएको स्थानीय समाजसेवी नन्द रोकायाले बताउनुभयो । आकासे पानी ताल्चा विमानस्थलबाट वर्षातको समयमा बुकाखोलामा पानीको सतह बढेका कारण विद्यालय पढ्ने बालबालिका दैनिक जोखिम मोलेर उक्त खोला पार गर्नुपर्ने बाध्य रहेको उहाँले बताउनुभयो । हिउँदको समयमा पानीको सतह घट्दा बुकाखोला तरेर विद्यालयमा सफा पोसाकमा विद्यालय पुगिन्छ तर अहिले वर्षाको समयमा त्यो सम्भव नभएकाले खोलाको हिलोपानीले दैनिक विद्यालयको पोसाकमा हिलोमैलो लगाएर विद्यालयमा पुग्ने गरेको महाकाली नमुना माध्यमिक विद्यालयमा कक्षा ९ मा अध्ययनरत छात्रा सरिता भामले सुनाउनुभयो । वर्षाको समयमा विद्यालय पुग्न लामो समय लाग्ने भएकाले राम्रोसँग खाना नखाई बिहानै घरबाट हिँड्नु पर्ने हाम्रो बाध्यता रहेको उहाँले भन्नुभयो । उक्त खोलाको पानीले छायाँनाथ रारा नगरपालिकाको ११ बस्तीका ज्येष्ठ नागरिक र बिरामीलाई आउजाउ गर्न कठिनाइ भएको ज्येष्ठ नागरिक रामबहादुर बोहराले बताउनुभयो । यो हिउँदको समयमा खोलामा पानी नहुँदा सहजै आउजाउ गर्न सकिन्छ । वर्षातको समयमा ज्यान जोखिममा पारेर उक्त खोला तर्नुपर्ने उहाँले बताउनुभयो । यसरी जिल्लामा विमानस्थलको वातावरणीय प्रभाव अध्ययन नगर्दा ताल्चा विमानस्थल मुनिका १० वटा बस्तीहरू उच्च जोखिममा छन् । डिपिआरको नाममा लागत स्टमेट र कुल खर्च, दूरी आदिको मात्रै अध्ययन गरिएको छ र वातावरणीय अध्ययन नै नगरिएको स्वयम् नागरिक उययन प्राधिकरण एरोड्म इन्जिनियरिङ विभागका इन्जिनियर महेश नेपालीले बताउनुभयो । वातावरणीय प्रभाव अध्ययन नगरिनुले यसको प्रभावकारिताले निम्त्याएको जोखिमले पानीको बहावको व्यवस्थापन गर्नलाई संङ्घीय मन्त्रालयसँग समन्वय भइरहेको यता छायाँनाथ रारा नगरपालिकाका नगर प्रमुख विष्णुकुमार भामले जानकारी दिनुभयो ।

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

हिमाली गाउँपालिका
धुलाचौर,बाजुरा

# सुदूरपश्चिममा मनाइयो बूढी पोल्ने पर्व



• नमस्ते समचारदाता
बैतडी, असोज/०१

बैतडीसहित सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लामा आज बूढी पोल्ने पर्व धुमधामसँग मनाइएको छ। विजय उत्सवको रुपमा मनाइने यो पर्वमा बूढी अर्थात राक्षसी पुतनालाई पोल्ने गरिन्छ । भाद्र सङ्क्रान्तिका दिन गाडिएको बूढीलाई आज साँझ पोल्ने चलन रहिआएको स्थानीय संस्कृतिका जानकार जयानन्द भट्टले जानकारी दिए । द्वापरयुगमा भगवान श्रीकृष्णले राक्षसी प्रवृत्तिकी पुतनालाई मारेपछि सोही दिनको सम्झनामा बूढी पोल्ने गरिएको छ । द्वापरयुगमा विशाक्त दूध सेवन गराई बालबालिकाको ज्यान लिने गरेकी राक्षसी पुतनालाई भगवान श्रीकृष्णले दूध चुसी मारेको विजयोत्सवका रुपमा बूढी पोल्ने पर्व मनाइने गरेको हो । सुदूरपश्चिममा भाद्र सङ्क्रान्तिका दिन गाडिएको बूढीलाई आज साँझपख पोल्ने र सोही ठाउँमा काँक्रा खाँदै लुतो फाल्ने प्रचलनसमेत रहिआएको छ । ओल्के सङ्क्रान्तिका दिन गोठालाले बूढीकोप्रतिमा राखेपछि दैनिक त्यसमा रुखका हाँगा थप्ने गर्छन् । भाद्र सङ्क्रान्तिका दिन गाडिएको बूढीलाई पोलेमा सुखशान्ति प्राप्त हुने विश्वास रहिआएको स्थानीय प्रेम सिंह धामीले बताए । बूढी जलाउँदा बनेको खरानीको तिलक बनाएर गाईलाई लगाउने चलनसमेत रहिआएको छ । ओल्के सङ्क्रान्तिका दिन गाडिएको बूढीलाई असोज सङ्क्रान्तिका साँझ प्रत्येक घर-घरबाट आगोको राँको एकैपटक निकाली एकैसाथ पोलेर 'बूढी पोल्ने' पर्व मनाउने परम्परा छ । पुतनाको स्वरुपमा तयार गरी सिंगारिएको बाबियोलाई आज बिहान गोठबाट निकालेर दिनभरी घाममा सुकाइ साँझ दोबाटोमा लगेर जलाउने गरिन्छ । साँझपख काँक्रो चपाएर जलेको पुतनामा फाल्दै जोडले 'थुई बूढी थुई' भन्ने चलन रहिआएको छ । नयाँपुस्ताको ध्यान नपुग्दा बूढी पोल्ने पर्व पछिल्लो समय लोपहुँदै गएको छ।

# सिमकोट बजार अनुगमनमा पाँचवटा पसल कारबाहीमा

• नमस्ते समचारदाता
हुम्ला, असोज/०१



आइतबार सदरमुकाम सिमकोटमा रहेका दशवटा पसल अनुगमन गरिएको छ। बजार अनुगमनका क्रममा पाँचवटा पसल कारबाहीमा परेका छन् । कारबाहीमा परेका पाँचवटा पसल व्यवसायीलाई रु पाँच हजारका दरले कारबाही स्वरुप अनुगमन टोलीले जरिवाना लिएको छ । सहायक प्रमुख जिल्ला अधिकारी अमृत प्रसाद सुवेदीको नेतृत्वमा सिमकोट बजार अनुगमन गरिएको छ। चार वटा वटा पसललाई रु पाँच हजारका दरले र एक पसललाई रु दुई हजारका दरले जरिवाना तोकिएको जानकारी प्राप्त भएको छ । अनुगमनका क्रममा बुढा जनरल स्टोर, मालिका महादेब पसल, एटु जेट जुम्ला जनरल सप्लायर्स, रावत सपिङ सेन्टरलाई पाँच हजार जरीवाना तोकिएको हो । किनमेल स्टोर पसललाई दुई हजार जरिवाना तोकिएको उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयका प्रमुख श्रीबहादुर विष्टले बताए । कारबाहीमा परेका पसलहरुले साइनवोर्ड नराखेको, मूल्य सूचि टाँस नगरेको, म्याद गुज्रेका तथा स्वास्थ्यमा प्रतिकुल असर गर्ने जस्ता सामान विक्री गरेको भेटिएपछि उनिहरुलाई कारबाही स्वरुप पाँच हजार लिइएको कार्यालय प्रमुख विष्टले बताए । यो पटक दश वटा ठूला पसल अनुगमन गरिएको र पछिका दिनहरुमा बजारमा रहेका सबै पसलहरुको अनुगमन गरिने भएको उनले बताए । बजार अनुगमनका क्रममा म्याद गुज्रेका भेटेर बरामद गरिएका धारा तेल, विस्कुट, बेसार, मसाला लगायतका सामग्री सोमबार नष्ट गरिने भएको छ । ती सबै सामग्री जिल्ला प्रशासनमा राखिएको र सोमबार मात्रै नष्ट गरिने भएको हो । सिमकोटमा सञ्चालित पसलहरुले अबका दिनमा ग्याद गुज्रेका, जिल्ला दररेड भन्दा बढी मूल्यमा विक्री गरेको, मूल्य सूचि टाँस नगरेको, साइनबोर्ड नभएको, सामान खरिद तथा विक्री विल नभएको, सामानको कृतिम अभाव गरेको, खाद्य सामग्री र विषादी तथा रसायनयुक्त पदार्थहरुको छुट्टा छुट्टै भण्डारण नगरेको, लेबल नलगाएको तथा गलत लेबल लगाएको पाइएमा उपभोक्ता हित संरक्षण ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार दण्ड जरिवाना गरिने भएको सहायक प्रमुख जिल्ला अधिकारी सुवेदीले बताए । उपभोक्तालाई सिमकोटका बजार व्यवसायीले ठगी गरेको पाइएमा नियमसंवत कारबाही गरिने भएको उनले बताए ।

# कैलाली कारागारमा कैदीबन्दीको मृत्यु




• नमस्ते समचारदाता
कैलाली, असोज/०१

कैलाली कारागारमा एक जना बन्दीको मृत्यु भएको छ । हाडनाता करणी मुद्दामा कारागार चलान भएका घोडाघोडी नगरपालिका-४ का २३ वर्षीय दिपक बिकको सोमबार मृत्यु भएको प्रहरीले जनाएको छ। दिउँसो साढे ३ बजेको समयमा बिक शौचालयमा लडेको अवस्थामा भेटिएका थिएन । उनलाई उपचारका लागि सेती प्रादेशिक अस्पताल लगिएकोमा त्यहीँ उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय कैलालीका डीएसपी कबिन्द्रसिंह बोहोराले जानकारी दिए । उनको शव परीक्षणका लागि प्रादेशिक अस्पतालको शव गृहमा राखिएको छ । घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# लुम्बिनीमा एमालेले संसदका लागि बनायो आचारसंहिता

• नमस्ते समचारदाता
दाङ, असोज/०१



नेकपा एमाले लुम्बिनीले आफ्नो प्रदेश सांसदहरुलाई नियन्त्रणमा राख्न आचारसंहिता जारी गरेको छ। संसदीय दलले प्रदेश सभा सदस्यहरुलाई आचारसंहिता लागू गरेको हो । मंगलबार राप्ती उपत्यका देउखुरीमा बसेको बैठकले प्रदेश सभा सदस्यहरुलाई आचारसंहिता लागू गर्ने निर्णय गरेको हो । एमाले नेतृत्वमा बनेको प्रदेश सरकारले यसअघि भदौ ६ गते मुख्यमन्त्रीसहित मन्त्रीहरुका लागि आचारसंहिता बनाइसकेको छ। मंगलबारको बैठकले एमाले लुम्बिनीमा मुख्यमन्त्री छान्ने विषयपछि रहेको आन्तरिक असन्तुष्टि पनि कम गराएको देखाएको छ । यसअघि संसदीय दलको नेता रहेका लिला गिरीलाई छाडेर उपनेता रहेका चेतनारायण आचार्यलाई मुख्यमन्त्री बनाउने पार्टी केन्द्रले निर्णय गरेसँगै नेताहरु बीच असन्तुष्टि बढेको थियो । त्यसपछि संसदीय दलको नेताबाट राजीनामा दिएका गिरी आचार्यको दावी विरोध, शपथग्रहण, त्यसपछि बोलाइएको संसदीय दलको बैठकमा सहभागी भएका थिएनन् । बुटवलमा संसदीय दलको बैठक बसेर आचार्यलाई दल नेता र भोजप्रसाद श्रेष्ठलाई उपनेता बनाएपछि पहिलो पटक दलको बैठक बसेको र गिरी पनि सहभागी भएका हुन् । मंगलबारको बैठकमा प्रमुख अतिथिका रुपमा एमाले पोलिटब्यूरो सदस्य रहेका निवर्तमान संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री लिला गिरीले संसदीय दलले लागू गरेको आचारसंहिता कार्यान्वयन गर्न सबै सदस्यहरुलाई आग्रह गर्दै जनादेश अनुसार अगाडि बढ्न सुझाव दिएका थिए । एमाले प्रदेश सभा सदस्यको विधान २०७५ बमोजिम प्रदेश सभा संसदीय दलको कार्य प्रणालीलाई अनुशासित र व्यवस्थित गर्न आचारसंहिता जारी गरेको दल उपनेता भोजप्रसाद श्रेष्ठले जानकारी दिए।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके